**अनुसूची -२**
(दफा ४ तथा अनुसूची-१ को भाग १ सँग सम्बन्धित)

# विराटनगर महानगरपालिका

# स्थानीय राजपत्र

खण्ड: ०६ संख्या: ०३ मिति २०८०।०३।११

## भाग -१

# विराटनगर महानगरपालिकाको विनियोजन ऐन, २०८०

# विराटनगर महानगरपालिकाको विनियोजन ऐन, २०८०

नगर सभाबाट स्वीकृत मितिः२०८०।०३।१०

प्रमाणिकरण मितिः २०८०।०३।११

**प्रस्तावनाः**

**विराटनगर महानगरपालिकाको आर्थिक बर्ष २०८०।०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम विराटनगर महानगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।**

१. **संक्षिप्त नाम र प्रारम्भः**

**(१) यस ऐनको नाम "विराटनगर महानगरपालिकाको विनियोजन ऐन, २०८०" रहेको छ।**

२. **आर्थिक वर्ष २०८०।०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

**(१) आर्थिक वर्ष २०८०।०८१ को निमित्त नगरकार्यपालिका, वडा कार्यालय, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पुजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ३ अर्ब २८ करोड ५० लाख मात्रमा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।**

**(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगर सभाबाट बजेट स्वीकृत भइसकेपछि संघीय सरकार, प्रदेश सरकार, अन्य स्थानीय सरकार वा विभिन्न संघसंस्था वा निकायसंग संझौता भई वा नभई थप बजेट निकासा भएकोमा, वा आर्थिक वर्ष २०७९।०८० को अन्त्यसम्ममा काम सम्पन्न भएर पनि कुनै कारणले भुक्तानी हुन नसकेको र म.ले.प.फा.नं. २२१ मा समावेश भएको कुनैपनि आयोजना तथा कार्यक्रमका लागी आर्थिक वर्ष २०८०।०८१ को वजेटमा समावेश नभएको तर आर्थिक वर्ष २०७९।०८० मा खर्च नभई मौज्दात सरेको रकमले खाम्नेसम्मको हकमा उक्त रकमलाई समेत अधिकार प्राप्त अधिकारीले वार्षिक वजेटमा समावेश गरी खर्च गर्नुपर्ने र यस्तो खर्चलाई वार्षिक आर्थिक विवरण तयार पार्दा समेत समावेश गर्नुपर्नेछ।**

**(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि आर्थिक वर्षको दोश्रो चौमासिक पछि समिक्षा गर्दा अनुमान गरेको श्रोतहरुमा अनुमान गरेजति रकम प्राप्त नहुने अवस्था भएमा अधिकारप्राप्त अधिकारीले कुनै पनि खर्च शिर्षकमा विनियोजन भएको रकमको निकासा रोक्का राख्न वा सम्भावित आयको आधारमा मात्र खर्च गर्न सम्वन्धीत विषयगत शाखा वा वडा कार्यालयलाई निर्देशन गर्न सक्नेछ।**

३. **विनियोजनः**

**(१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०।०८१ को निमित्त महानगरपालिकाको नगर कार्यपालिका, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिएकोछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिकाको कार्यालय, वडा कार्यालयले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूजीगतखर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम सांवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत सांवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

४. **अख्तियारी सम्वन्धी व्यवस्थाः**

(१) प्रचलित कानूनमा जनसुकै कुरा लेखिएको भएतापनि यस ऐन अनुसार विनियोजन भएको रकम प्रचिलित कानूनको अधिनमा रहि खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिन देखि अधिकार प्राप्त अधिकारीलाई हुनेछ ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय तह संचित कोष व्यवस्थापन प्राणाली (SuTRA) मा वडा कार्यालयहरुको उपशिर्षकमा समावेश भएको रकम बाडफांड भएअनुसार खर्च गर्ने अख्तियारी सम्वन्धीत वडाको वडा सचिवलाई हुनेछ ।

(३) उपदफा (१) वमोजिम खर्च गर्ने अख्तियारीको आधारमा प्रमुख प्रशासकीय अधिकृतले सबै वडा कार्यालयहरुलाई विनियोजन भएको रकम निकासा दिनेछ ।

५. **बाधा अडकाउ फुकाउने अधिकारः**

(१) यो ऐन कार्यान्वियनको कममा कुनै बाधा उत्पन्न भएमा कार्यपालिकाले त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ ।

# अनुसूचि-१

## (दफा २ संग सम्बन्धित)
## संञ्चितकोषबाट विनियोजन हुने रकम

| सि.नं. | बजेट उपशिर्षक | चालु | पुजीगत | वितिय | जम्मा |
|---|---|---|---|---|---|
| १ | 80113201101 \| विराटनगर महानगरपालिका | ८२१४१४०००। | १११७३६१०००। | ५००००००००। | १९८८७७५०००। |
| २ | 80113201201 \| विराटनगर महानगरपालिका, वडा नं. १ | ५०३८०००। | १८४६००००। | | २३४९८०००। |
| ३ | 80113201202 \| विराटनगर महानगरपालिका, वडा नं. २ | ४२८८०००। | १८८१२५००। | | २३१००५००। |
| ४ | 80113201203 \| विराटनगर महानगरपालिका, वडा नं. ३ | ४१३८०००। | १९००००००। | | २३१३८०००। |
| ५ | 80113201204 \| विराटनगर महानगरपालिका, वडा नं. ४ | ३७८८०००। | १९८९५०००। | | २३६८३०००। |
| ६ | 80113201205 \| विराटनगर महानगरपालिका, वडा नं. ५ | ४२८८०००। | १९०८५०००। | | २३३७३०००। |
| ७ | 80113201206 \| विराटनगर महानगरपालिका, वडा नं. ६ | ५६८८०००। | १६८३५०००। | | २२५२३००० |
| ८ | 80113201207 \| विराटनगर महानगरपालिका, वडा नं. ७ | ७६८८०००। | १४५२००००। | | २२२०८०००। |
| ९ | 80113201208 \| विराटनगर महानगरपालिका,वडा नं. ८ | ४०८८०००। | १९३४००००। | | २३४२८०००। |
| १० | 80113201209 \| विराटनगर महानगरपालिका, वडा नं. ९ | १०६८८०००। | ११०३००००। | | २१७१८०००। |
| ११ | 80113201210 \| विराटनगर महानगरपालिका, वडा नं. १० | ७५३८०००। | १४०८००००। | | २१६१८०००। |
| १२ | 80113201211 \| विराटनगर महानगरपालिका, वडा नं. ११ | ३८८८०००। | १९९४००००। | | २३८२८०००। |
| १३ | 80113201212 \| विराटनगर महानगरपालिका,वडा नं. १२ | ८७८८०००। | १३३६००००। | | २२१४८०००। |
| १४ | 80113201213 \| विराटनगर महानगरपालिका, वडा नं. १३ | २१५८०००। | २०४८००००। | | २२६३८०००। |
| १५ | 80113201214 \| विराटनगर महानगरपालिका, वडा नं. १४ | ४०१३०००। | १८६८००००। | | २२६९३०००। |
| १६ | 80113201215 \| विराटनगर महानगरपालिका, वडा नं. १५ | ५४६८०००। | १७०२८०००। | | २२४९६०००। |
| १७ | 80113201216 \| विराटनगर महानगरपालिका, वडा नं. १६ | ८१३८०००। | १३९२००००। | | २२०५८०००। |
| १८ | 80113201217 \| विराटनगर महानगरपालिका, वडा नं. १७ | ३५८८०००। | १८४०५००० | | २१९९३०००। |
| १९ | 80113201218 \| विराटनगर महानगरपालिका, वडा नं. १८ | ५५३८०००। | १६८९७५००। | | २२४३५५००। |
| २० | 80113201219 \| विराटनगर महानगरपालिका, वडा नं. १९ | ४२८८०००। | १८४८५०००। | | २२७७३०००। |
| २१ | 80113201511 \| संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | ६९२५००००००। | ८५३०००००। | | ७७७८०००००। |
| २२ | 80113201512 \| संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान) | २००००००००। | ४०००००००। | | ६०००००००। |
| २३ | 80113201513 \| संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान) | | ६००००००। | | ६००००००। |
| २४ | 80113201521 \| प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | ७८७५०००। | १३२०००००। | | २१०७५०००। |
| | जम्मा | १६८४६८६०००। | १५५०३१४०००। | ५००००००००। | ३२८५००००००। |

आज्ञाले,
राजेन्द्र पराजुली
प्रमुख प्रशासकीय अधिकृत